REGIONAL NEWS

ALL INDIA RADIO GANGTOK

NEPALI NEWS

18:40hrs 28.04.2026

PM: Vishnu Neupane

प्रधानमन्त्री नरेन्द्र मोदीको सिक्किमको दुईदिने औपचारिक भ्रमण आज दिउँसो पूरा भयो। उहाँले आज बिहान रिज पार्कमा रहेको स्वर्ण जयन्ती मैत्रेय मञ्जरीको भ्रमण गर्नुभयो। उहाँको साथमा राज्यपाल ओम प्रकाश माथुर र मुख्यमन्त्री प्रेमसिंह तामाङ उपस्थित हुनुहुन्थ्यो। स्वर्ण जयन्ती समारोहको एक भागका रूपमा परिकल्पना गरिएको यो ऐतिहासिक परियोजनाको गत वर्ष प्रधानमन्त्रीले भर्चुअल रूपमा उद्घाटन गर्नुभएको थियो। २६ फिट अग्लो तामाको संरचनात्मक स्मारकका रूपमा विकसित, स्वर्ण जयन्ती मैत्रेय मञ्जरीले सिक्किमको एकीकरण र विकासको पाँच दशकको प्रतीकात्मक सांस्कृतिक धरोहरका रूपमा काम गर्दछ। पछि पाल्जोर स्टेडियममा भेलालाई सम्बोधन गर्दै, प्रधानमन्त्रीले अर्केडियमको प्रशंसा गर्नुभयो।...Byte…

PM Modi-Cricket Stadium: IPR

त्यसैगरी, श्री मोदीले आज गान्तोकमा आयोजित राज्य समारोहमा क्रिकेट सुविधाहरूको उद्घाटन गर्नुभयो र राज्यको राजधानीबाट लगभग ४० किलोमिटर टाढा रम्फू नजिकैको माइनिङस्थित सिक्किम क्रिकेट मैदानमा स्क्रिनमा कार्यक्रमको प्रत्यक्ष प्रसारण गरिएको थियो, जहाँ भारतीय क्रिकेट नियन्त्रण बोर्डका शीर्ष अधिकारीहरू र अन्तर्राष्ट्रिय क्रिकेट परिषद्, आईसीसीका अध्यक्ष जय शाह उपस्थित हुनुहुन्थ्यो। सिक्किम क्रिकेट मैदानको परिसरभित्र निर्मित बीसीसीआईको सहयोगमा इन्डोर क्रिकेट सुविधामा चार क्रिकेट अभ्यास पिचहरू, एउटा स्विमिङ पूल, अत्याधुनिक व्यायामशाला, प्रशासनका लागि कार्यालय क्षेत्र, पुरुष र महिला क्रिकेटरहरूका लागि छुट्टाछुट्टै लकर कोठा र अन्य सहायक पूर्वाधारहरू छन्।

## CM on PM: Desk

मुख्यमन्त्री प्रेमसिंह तामाङले सिक्किमका जनताको तर्फबाट सिक्किम राज्य स्थापनाको स्वर्ण जयन्ती समारोहको समापन समारोहमा उपस्थित हुनुभएकामा प्रधानमन्त्री नरेन्द्र मोदीलाई हार्दिक धन्यवाद व्यक्त गर्नुभयो। मुख्यमन्त्रीले भन्नुभएको छ, प्रधानमन्त्रीको उपस्थिति, अमूल्य मार्गदर्शन, प्रेरणादायी सम्बोधन र हाम्रो राज्यमाथि निरन्तर आशीर्वादक ा लागि हामी उहाँप्रति आभारी छौ ँ। साथै, मुख्यमन्त्र ी श्री तामाङले राज्यपाल ओम प्रकाश माथुरलाई पनि उहाँको निरन्तर मार्गदर्शन र आशीर्वादक ा लागि हार्दिक धन्यवाद व्यक्त गर्नुभयो।

## Film: Desk

नेपाली फिल्म निर्माता त्रिबेणी राईको पहिलो फिचर फिल्म शेप अफ मोमोस-ले टेक्सासमा आयोजित एघारौँ इन्डी मीम अन्तर्राष्ट्रिय फिल्म महोत्सवमा उत्कृष्ट कथा फिल्मका लागि जूरी अवार्ड र दर्शक छनौट अवार्ड दुवै जितेको छ। फिल्म महोत्सव २२ र २६ अप्रैलमा आयोजना भएको थियो।

## Sports & Youth Affairs Department : IPR

राज्य तथा केन्द्र शासित प्रदेशका युवा मामिला तथा खेलकुद मन्त्रीहरूको चौथो चिन्तन शिविर २४-२६ अप्रेल २०२६ सम्म श्रीनगरस्थित शेर-ए-कश्मीर अन्तर्राष्ट्रिय सम्मेलन केन्द्रमा आयोजित भयो। यस कार्यक्रममा सिक्किमले सशक्त तृणमूल खेलकुदलाई प्रोत्साहित गर्न आह्वान गरेको छ। सिक्किमका खेलकुद तथा युवा मामिला, शिक्षा, कानुन तथा संसदीय मामिला मन्त्री राजु बस्नेतसे शिविरमा भाग लिई सक्रिय अभिभावकीय संलग्नता, उन्नत प्रशिक्षक शिक्षा र व्यवस्थित प्रतिभा पहिचान मार्फत तृणमूल खेलकुद विकासको आवश्यकतामा जोड दिनुभयो। निर्देशक डा. आर. बी. विश्वकर्मा पनि शिविरमा उपस्थित हुनुहुन्थ्यो। राष्ट्रिय नेतृत्व तथा खेलकुद प्रतिकहरू सहभागी शिविरको अध्यक्षता केन्द्रीय मन्त्री डा. मनसुख मान्डवियाले गर्नुभएको थियो।

## Football: Desk

जारी सिक्किम प्रिमियर लिगमा, सिङलिङ सकर क्लबले भोलि दिउँसो १:३० बजे सिनियोल्चु फुटबल क्लबसँग प्रतिस्पर्धा गर्नेछ। हाल, लिग तालिकाअनुसार, सिङलिङ एससी पहिलो स्थानमा छ भने सिनियोल्चु एफसी सातौँ स्थानमा छ।

Dr. from Sikkim: Desk

लन्डनका कन्सल्टन स्त्री रोग विशेषज्ञ डा. आरोहण सापकोटालाई हालै बीबीसीमा एन्डोमेट्रिओसिसको जटिल केसका लागि उन्नत रोबोटिक शल्यक्रिया गर्ने विशेषज्ञ बहु-विषयक सर्जिकल टोली सदस्यका रूपमा प्रस्तुत गरिएको छ। डा. सापकोटा सिक्किम, गान्तोकमा जन्मनुभएको हो। डा. सापकोटाले इम्फालको रिजनल इन्स्टिच्युट अफ मेडिकल साइन्सेस, रिजनल इन्स्टिच्युट अफ मेडिकल साइन्सेसमा प्रसुति तथा स्त्री रोगमा एम.बी.बी.एस र एम.एस गर्नुअघि गान्तोकको टाशी नामग्याल एकेडेमीमा आफ्नो स्कूले शिक्षा पूरा गर्नुभएको थियो।